# जीतपुरसिमरा उपमहानगरपालिका
# जीतपुरसिमरा राजपत्र

**खण्ड ९:** **संख्या:२६** **प्रमाणिकरण मिति:२०८३/३/२३**

## भाग २

## जीतपुरसिमरा उपमहानगरपालिका

## खानेपानी तथा सरसफाइ (जलश्रोत) उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

**प्रस्तावना:** जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र स्वच्छ तथा सुरक्षित खानेपानीमा सबै नगरवासीको सहज, समान र समतामूलक पहुँच सुनिश्चित गर्न, सतही तथा भूमिगत जलस्रोतको संरक्षण, संवर्द्धन, पुनर्भरण तथा दिगो र विवेकपूर्ण उपयोग गर्न, भूमिगत जलस्रोतको अनियन्त्रित तथा अत्यधिक दोहनलाई नियमन गर्न, खानेपानीको उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण तथा बिक्रीलाई व्यवस्थित र नियमन गर्न तथा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको स्थापना, दर्ता, सञ्चालन र व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा रहेको अधिकार, सोही ऐनको दफा १०२ तथा जीतपुरसिमरा उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७८ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जीतपुरसिमरा उपमहानगरपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।



जीतपुरसिमरा उपमहानगरपालिका

## परिच्छेद - १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "खानेपानी तथा सरसफाइ ( जलश्रोत) उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क. "कार्यविधि" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ लाई सम्झनु पर्छ।

ख. “उपभोक्ता” भन्नाले यस कार्यविधि बमोजिम निर्माण वा सञ्चालन भएका खानेपानी, सरसफाइ वा सिँचाइ आयोजनाबाट सेवा वा जलस्रोत उपयोग गर्ने व्यक्ति, घरपरिवार वा संस्था सम्झनुपर्छ। सो शब्दले योजना निर्माणमा योगदान गरेका वा सम्बन्धित उपभोक्ता समितिको निर्णयबमोजिम पछि उपभोक्ताको रूपमा समावेश भएका व्यक्तिलाई समेत जनाउँछ।

ग. "नगरपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका सम्झनु पर्छ ।

घ. "कार्यपालिका" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

ङ. "प्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

च. "उपप्रमुख" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्छ ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ज. "खानेपानी तथा जलश्रोत व्यवस्थापन समिति" भन्नाले नगरपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाई योजनाहरुको संचालन, मुल सहित आधिकारीक खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न, महशुल निर्धारण गर्न, खानेपानी आयोजना व्यवस्थापन गर्न, निरीक्षण गर्न, अवलोकन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि नगरपालिका अन्तर्गत गठन गरिने खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिलाई जनाउदछ ।

झ. "खानेपानी" भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनु पर्छ ।

ञ. "मुहान" भन्नाले नदी, नाला, खोला, धारा आदिको पानी उम्रने वा निस्कने ठाउँ वा मुललाई सम्झनु पर्दछ।

ट. "श्रोत" भन्नाले भु-सतह वा भुमिगत रुपमा रहेको खानेपानीको स्रोतलाई सम्झनुपर्दछ ।

ठ. "संरचना" भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धीकरण गर्न वा वितरण गर्न बनाईएको

जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्दछ र सो शव्दले पानी टयाङ्की, पाईपलाईन, निकास, धारा वा त्यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउँदछ ।

ड. "धारा" भन्नाले खानेपानीको उपभोग गर्नको निमित्त नगरपालिका वा सो कार्यालयले कुनै व्यक्ति, संस्था वा निकायका नाममा जडान गरिदिएको धारा सम्झनु पर्छ ।

ढ. "महशुल" भन्नाले धाराको सुविधा उपभोग गरे वापत उपभोक्ताले उक्त खानेपानी संस्थालाई यस कार्यविधि वमोजिम बुझाउनु पर्ने खानेपानी सेवा महशुल सम्झनु पर्छ ।

ण. "मिटर" भन्नाले खानेपानीको खपतको परिमाण नाप्ने उद्देश्यले उपभोक्ताको पाईप लाईनमा जडान गरिने पानी मिटरलाई सम्झनु पर्छ ।

त. "खानेपानी उपभोक्ता समिति" भन्नाले विधान अनुसार गठन भई यस कार्यविधिको दफा ६ बमोजिम गठित भएको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई सम्झनु पर्छ ।

थ. "मर्मत सम्भार कार्यकर्ता" भन्नाले खानेपानी योजनाको नियमित रेखदेख तथा मर्मत सम्भार गर्नको लागि समितिले नियुक्त गरेको तालीम प्राप्त हेरालु तथा मर्मत संभार कार्यकर्तालाई जनाउँछ ।

द“ .सिंचाइ ”भन्नाले कृषि बाली, फलफूल, तरकारी, घाँस वा अन्य कृषि उत्पादनका लागि सतही वा भूमिगत जलस्रोतबाट कुलो, नहर, पाइप, पम्प, ट्युबवेल, बोरिङ वा अन्य माध्यमद्वारा पानी उपलब्ध गराउने वा प्रयोग गर्ने कार्य सम्झनु पर्छ।

ध. "मर्मत सम्भार कार्ययोजना" भन्नाले योजनाको नियमित रेखदेख तथा मर्मत संभारको लागि उपभोक्ता भेलाद्वारा पारित गरिएको जिम्मेवारी सहितको कार्ययोजनालाई जनाउँछ ।

न. "पानी सुरक्षा योजना" भन्नाले योजनाको मुहान, संरचनाहरु, पाईपलाईन तथा घरेलु स्तरमा पानीको भण्डारण समेतमा हुनसक्ने पानीको प्रदुषण (जोखिम) को सम्भावनालाई अग्रिम रुपमा पहिचान गरी सो हुन नदिनको लागि गर्नुपर्ने प्रतिरोधात्मक कार्यहरुको विवरणलाई जनाउँछ ।

प. "आमभेला" भन्नाले खानेपानी वा सिचाई  योजनाबाट लाभान्वित हुने कुल घरधुरीको कम्तिमा ६७% (दुई तिहाई) घरहरुबाट प्रतिनिधित्व भएको उपभोक्ताहरुको भेलालाई जनाउँछ ।

फ. "जलस्रोत समिति" भन्नाले जीतपुरसिमरा उपमहानगरपालिका स्तरिय खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिलाई जनाउँछ ।

ब. "दर्ता भएको" भन्नाले यस नगरपालिकाको कार्यालयमा दर्ता भएको समिति/संस्था लाई जनाउँछ ।

भ. "शाखा" भन्नाले खानेपानी तथा सरसफाइ व्यवस्थापन उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यमा संलग्न हुने वातावरण तथा विपद व्यवस्थापन शाखालाई सम्झनुपर्दछ ।

म ."तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गतका विषयहरुमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

जीतपुरसिमरा उपमहानगरपालिका

# परिच्छेद - २

## खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सम्बन्धी व्यवस्था

**३. उपभोक्ता समिति दर्ता गर्नु पर्नेः** (१) स्थानीय स्तरमा सामुदायिक रुपमा खानेपानी तथा जलश्रोत, सिचाई, वा अन्य घरेलु प्रयोगको लागि खानेपानीको समान वितरण एंव सहज उपलब्धता सुनिश्चित गराउने प्रयोजनका लागि सम्बन्धित स्थानीय समुदायको सहभागिता रहने गरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता नगरी कसैले पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समिति स्थापना गर्नु हुँदैन ।

तर खानेपानी आयोजना निर्माणको कार्यमा संलग्न हुने उपभोक्ता समितिलाई नै व्यवस्थापन समितिका रुपमा रुपान्तरण गर्न चाहेमा उक्त कार्यलाई यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

**४. खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिः** (१) नगरपालिका भित्र खानेपानी तथा जलश्रोत सम्बन्धी योजना तर्जुमा तथा खानेपानीको सरल, समान र सहज पहुँच सुनिश्चित गराउने प्रयोजनका लागि देहाय बमोजिमको एक नगरस्तरिय खानेपानी तथा जलश्रोत व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| क. प्रमुख | संयोजक |
| ख. उपप्रमुख | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. वन, वातावरण तथा विपद व्यवस्थापन विषयगत समितिको संयोजक | सदस्य |
| ङ. "नगर स्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जाल" को अध्यक्ष | सदस्य |
| च. नगरस्तरीय सिँचाइ उपभोक्ता सञ्जाल" को अध्यक्ष | सदस्य |
| छ.. पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| ज. खानेपानी तथा सरसफाई क्षेत्रमा कार्यरत संघ सस्थावाट संयोजकले तोकेको १ जना महिला | सदस्य |
| ज.. वन, वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारी तथा अन्य विज्ञ व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ ।

**५. खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको काम कर्तब्य र अधिकारः** दफा (४) बमोजिम गठित खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**क.** जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र नेपाल सरकार, प्रदेश सरकार तथा उपमहानगरपालिकाको आफ्नै स्रोतबाट सञ्चालित वा सञ्चालन गर्न सकिने खानेपानी, सरसफाइ, सिंचाइ तथा जलस्रोतसम्बन्धी योजनाहरूको पहिचान, प्राथमिकीकरण तथा आवश्यक समन्वय गर्ने।

**ख.** खानेपानीको मुहान, मूल वा अन्य जलस्रोत दर्ताका लागि प्राप्त निवेदनउपर सम्बन्धित शाखाबाट भएका काम कारबाहीको निरीक्षण तथा आवश्यक जाँचबुझ गरी दर्तासम्बन्धी निर्णय गर्ने।

**ग.** खानेपानी तथा जलस्रोत उपभोक्ता समिति दर्ताका लागि प्राप्त निवेदनहरूको छानबिन गरी त्यस्तो समिति दर्ता गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने।

**घ.** उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालित खानेपानी, सिंचाइ तथा जलस्रोतसम्बन्धी आयोजनाहरूको अनुगमन गरी आवश्यक निर्देशन एवं सुझाव प्रदान गर्ने।

**ङ.** उपमहानगरपालिका क्षेत्रभित्र खानेपानी महसुलको दरमा एकरूपता कायम गर्न खानेपानीको न्यूनतम महसुल निर्धारण गर्ने वा सिफारस गर्ने ।

**च.** खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको कार्यसम्पादनको अवलोकन, निरीक्षण एवं नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने तथा प्रचलित कानून र यस कार्यविधि बमोजिम आवश्यक कारबाही गर्ने।

**छ.** खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले गरेको अनियमितता उपर छानबिन गरी अनियमितता भएको पाइएमा सम्बन्धित समितिलाई सुधारका लागि निर्देशन दिने, समिति पुनर्गठन गर्ने वा विघटन गर्नेसम्मका आवश्यक निर्णय एवं कार्य गर्ने।

**ज.** उपमहानगरपालिका क्षेत्रभित्र सतही तथा भूमिगत जलस्रोतको संरक्षण, संवर्द्धन, पुनर्भरण, दिगो उपयोग तथा अनियन्त्रित वा अत्यधिक दोहनको नियमनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड तर्जुमा गर्न उपमहानगरपालिकालाई सिफारिस गर्ने।

**झ.** व्यक्तिगत, कृषि, सिंचाइ, व्यावसायिक वा औद्योगिक प्रयोजनका लागि भूमिगत जलस्रोत उपयोग गर्ने पम्प, ट्युबवेल, डिप बोरिङ वा अन्य संरचनाको अभिलेखीकरण, अनुगमन तथा नियमन गर्ने वा गराउने।

जीतपुरसिमरा उपमहानगरपालिका

**ञ.** भूमिगत जलस्रोतको अत्यधिक दोहन, जलसतहमा अस्वाभाविक गिरावट, पानीको स्रोत सुक्ने वा प्रदूषण हुने अवस्था देखिएमा प्राविधिक अध्ययन तथा स्थलगत निरीक्षण गराई पानीको उपयोगमा आवश्यक शर्त तोक्न, सीमित गर्न वा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गर्ने।

**ट.** बोतल, जार, ट्याङ्की, ट्याङ्कर वा अन्य माध्यमबाट खानेपानी उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण वा बिक्री गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको आवश्यक अभिलेख राख्ने तथा त्यस्तो कार्यको नियमित अनुगमन एवं नियमन गर्ने वा गराउने।

**ठ.** व्यावसायिक रूपमा उत्पादन, वितरण वा बिक्री गरिने खानेपानीको स्रोत, गुणस्तर, प्रशोधन प्रक्रिया, भण्डारण तथा ढुवानी प्रणालीको निरीक्षण, अनुगमन तथा आवश्यकतानुसार नमुना परीक्षण गर्ने वा गराउने।

**ड.** अनुगमन वा परीक्षणबाट खानेपानी दूषित, असुरक्षित वा प्रचलित गुणस्तर मापदण्ड विपरीत रहेको पाइएमा त्यस्तो खानेपानीको उत्पादन, वितरण वा बिक्री तत्काल रोक्न लगाउने तथा प्रचलित कानून बमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**ढ.** खानेपानीको अभाव, खडेरी, विपद् वा अन्य विशेष अवस्थामा खानेपानीको स्रोत, वितरण तथा उपयोगलाई व्यवस्थित गर्न आवश्यक निर्णय, समन्वय तथा निर्देशन दिने।

## ६.. वडास्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समिति

(१) प्रत्येक वडाभित्र खानेपानी तथा जलस्रोतसम्बन्धी कार्यको समन्वय, सहजीकरण, अनुगमन तथा व्यवस्थापन गर्न सम्बन्धित वडा समिति नै वडास्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिको रूपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता अनुसार सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका पदाधिकारी, प्राविधिक कर्मचारी, विषयविज्ञ, टोल विकास संस्था तथा अन्य सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

## ७. वडास्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

वडास्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः‘

(क) वडाभित्र रहेका खानेपानीका मुहान, स्रोत, आयोजना, संरचना तथा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको लगत तथा अभिलेख अद्यावधिक गरी राख्ने।

(ख) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन, पुनर्गठन, दर्ता तथा नवीकरणका लागि आवश्यक सहजीकरण गर्ने र नगरपालिकामा सिफारिस गर्ने।

(ग) खानेपानीको मुहान वा स्रोत दर्ताका लागि प्राप्त निवेदन सम्बन्धमा स्थलगत निरीक्षण, सर्जमिन तथा आवश्यक जाँचबुझ गरी नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिसमक्ष सिफारिस गर्ने।

(घ) वडाभित्र सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको नियमित अनुगमन तथा निरीक्षण गरी आवश्यक सुझाव तथा निर्देशन दिने र आवश्यकतानुसार नगरस्तरीय समितिलाई प्रतिवेदन पेश गर्ने।

(ङ) वडाभित्र खानेपानीको समान, सहज, नियमित र न्यायोचित वितरण भए नभएको अनुगमन गर्ने तथा सबै उपभोक्ताको खानेपानीमा पहुँच सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्ने।

(च) खानेपानीको मुहान, स्रोत, पाइपलाइन, ट्याङ्की तथा अन्य संरचनाको संरक्षण, मर्मत सम्भार तथा दिगो व्यवस्थापनमा समन्वय र सहजीकरण गर्ने।

(छ) खानेपानीको मुहान वा स्रोतमा हुने अतिक्रमण, प्रदूषण, क्षति वा अनधिकृत प्रयोग रोक्न आवश्यक पहल गर्ने र आवश्यक कारबाहीका लागि नगरपालिकामा सिफारिस गर्ने।

(ज) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र उपभोक्ताबीच वा एकभन्दा बढी उपभोक्ता समितिबीच उत्पन्न सामान्य विवादको समाधानका लागि मेलमिलाप, समन्वय तथा सहजीकरण गर्ने र समाधान हुन नसकेको विवाद नगरस्तरीय समितिसमक्ष पठाउने।

(झ) खानेपानी महसुल तथा सेवा शुल्क सम्बन्धमा उपभोक्ताबाट प्राप्त गुनासो सुनुवाइ तथा सहजीकरण गर्ने र आवश्यकतानुसार नगरस्तरीय समितिसमक्ष सिफारिस गर्ने।

(ञ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले स्वीकृत दरभन्दा बढी वा प्रचलित व्यवस्था विपरीत महसुल वा सेवा शुल्क असुल गरे नगरेको अनुगमन गर्ने र अनियमितता देखिएमा आवश्यक कारबाहीका लागि नगरस्तरीय समितिमा सिफारिस गर्ने।

(ट) वडाभित्र नयाँ खानेपानी आयोजना सञ्चालन गर्नुपर्ने क्षेत्रको आवश्यकता पहिचान तथा प्राथमिकीकरण गरी वडा योजना तथा नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा समावेश गर्न पहल गर्ने वडा कार्यालयमा दर्ता भएका उपभोक्ता समितिको को अनुसूची ५ बमोजिम अभिलेख राख्ने ।

(ठ) खानेपानीको अभाव, मुहान सुक्ने, प्रदूषण, प्राकृतिक विपद् वा अन्य कारणबाट खानेपानी सेवा अवरुद्ध भएमा तत्काल वैकल्पिक व्यवस्थाका लागि समन्वय तथा सहजीकरण गर्ने।

(ड) खानेपानीको गुणस्तर, सरसफाइ, पानी सुरक्षा योजना तथा जनस्वास्थ्यसम्बन्धी विषयमा जनचेतना अभिवृद्धि तथा आवश्यक समन्वय गर्ने।

(ढ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको साधारणसभा, लेखापरीक्षण, कार्यसमिति निर्वाचन तथा संस्थागत सुशासनसम्बन्धी व्यवस्थाको अनुगमन तथा आवश्यक सहजीकरण गर्ने।

(ण) नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिले माग गरेका तथ्याङ्क, विवरण तथा प्रतिवेदन सङ्कलन गरी उपलब्ध गराउने।

(त) नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिका निर्णय तथा नगरपालिकाबाट प्राप्त निर्देशनको कार्यान्वयनमा सहजीकरण गर्ने।

**(थ(** वडा कार्यालयमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र सिँचाइ उपभोक्ता समितिको **अनुसूचीबमोजिम अभिलेख अद्यावधिक गरी राख्ने। ५—**

(द) खानेपानी तथा जलस्रोतको संरक्षण, व्यवस्थापन र उपयोगसम्बन्धी प्रचलित कानून तथा यस कार्यविधि बमोजिम तोकिएका अन्य कार्य गर्ने।

**८खानेपानी तथा सरसफाइ तथा सिँचाइ उपभोक्ता समिति दर्ताः .**

(१( नेपाल सरकार, प्रदेश सरकार वा जीतपुरसिमरा उपमहानगरपालिकाको आफ्नै स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी तथा सरसफाइ आयोजनाको दिगो सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार तथा अन्य व्यवस्थापकीय कार्यका लागि सम्बन्धित आयोजनाबाट लाभान्वित हुने समुदायको प्रतिनिधित्व रहने गरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सकिनेछ।

(२( नेपाल सरकार, प्रदेश सरकार वा जीतपुरसिमरा उपमहानगरपालिकाको आफ्नै स्रोतबाट निर्माण सम्पन्न भएका सिँचाइ आयोजनाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार तथा जल वितरण व्यवस्थापनका लागि सम्बन्धित आयोजनाबाट लाभान्वित हुने कृषक वा उपभोक्ताको प्रतिनिधित्व रहने गरी सिँचाइ उपभोक्ता समिति दर्ता गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको उपभोक्ता समिति दर्ता गर्न चाहने समुदायले देहाय बमोजिमका प्रक्रिया पुरा गरी उपभोक्ता समिति गठन गर्न सक्नेछ :

क. आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित वडा समितिको पदाधिकारीको रोहवरमा आयोजना स्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ ।

ख. समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले

कम्तिमा सात दिन (७ दिन) अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।
ग. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नु पर्ने छ । (समितिमा कम्तिमा तेत्तीस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ।)
घ. उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ।
(४) उपदफा (३) बमोजिम उपभोक्ता समिति गठन भए पश्चात समितिले देहाय बमोजिमका कागजात संलग्न गरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ताका लागि नगरपालिकामा निवेदन दिन सक्नेछन् :
क. उपभोक्ता समितिको अनुसूची १ बमोजिमको निवेदन
ख. अनुसूची २ बमोजिमका विषय खुलेको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको विधान
ग. सम्बन्धित वडा कार्यालयको सिफारिस
घ. आम भेलाको निर्णय प्रतिलिपी
ङ. उपभोक्ता समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र पासपोर्ट साईजको फोटो १ थान
(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि सम्बन्धित शाखा प्रमुखले अन्य आवश्यक कागजात जाँच गर्दा सम्पूर्ण प्रकृया पुरा भएको देखिएमा उपभोक्ता समितिले दाबी गरेको मुहान वा खानेपानीको बिषयमा हकदाबी वा दाबी बिरोधका लागि ३५ (पैतिस) दिने सुचना प्रकाशन गर्नुपर्नेछ । यसरी प्रकाशन गरिने सुचना नगरपालिकाको सुचना पाटीका अतिरिक्त सम्बन्धित वडा कार्यालयको सुचनापाटी र बढी जनसम्पर्क हुने प्रकृतिका कार्यालयमा समेत टाँस गर्ने प्रबन्ध गर्नुपर्नेछ ।
(६) उपदफा (५) बमोजिमको सुचनाको म्याद समाप्त भएपछि शाखाले समिति समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश भएपछि समितिले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ताका लागि पेश भएका कागजातहरु चेकजाँच गर्न सक्नेछ ।
(७) उपदफा (४) बमोजिम प्रकाशित सुचना उपर कोही कसैबाट दाबी बिरोध परेको नदेखिएमा समितिले त्यस्तो उपभोक्ता समिति दर्ताको निर्णय गर्न सक्नेछ । दाबी बिरोध परेको भएमा सो को विबाद समाधानका लागि समितिले आवश्यकता अनुसार सम्बन्धित आयोजनास्थलको स्थलगत निरीक्षण गर्ने वा दुवै पक्षको रोहवरमा आवश्यक परामर्श एंव छलफल गर्न सक्नेछ । समिति दर्ता गर्ने वा नगर्ने निर्णय गर्ने अधिकार समितिमा रहनेछ ।
(८) उपदफा (७) बमोजिम समितिले दर्ता गर्ने निर्णय गरेको ७ (सात) दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले उक्त समिति दर्ता गरी प्रमाणपत्र जारी गर्न सक्नेछ । समितिले दर्ता नगर्ने निर्णय गरेमा सो को जानकारी सम्बन्धित उपभोक्ता समितिलाई समयमा दिने दायित्व सम्बन्धित शाखा प्रमुखको हुनेछ ।
(९) उपदफा (७) बमोजिम गरिने दर्ताको प्रमाणपत्र ढाँचा अनुसूची ३ बमोजिम हुनेछ ।

(१०) कुनै स्रोतको उपभोग गर्न कुनै खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता भइसकेपछि त्यस्तो उपभोक्ता समिति/संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुने गरी सोही समितिको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता समिति दर्ता गरिने छैन ।

११) उपमहानगरपालिका क्षेत्र भित्र  नयाँ खानेपानी तथा सिँचाइ आयोजना सञ्चालन गर्नुपर्ने क्षेत्रको आवश्यकता पहिचान तथा प्राथमिकीकरण गरी वडा योजना तथा नगरपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा समावेश गर्न पहल गर्ने तथा वडा कार्यालयमा दर्ता भइ नगरपालिकामा पेश भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र सिँचाइ उपभोक्ता समितिको अभिलेख अनुसूची—४ बमोजिम अभिलेख अद्यावधिक गरी राख्ने।

**९. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सिँचाइ उपभोक्ता समिति को नवीकरणः** (१) दफा (८) बमोजिम दर्ता भएको खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक असोज मसान्तभित्र नगरपालिकाबाट नवीकरण गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरणका लागि पेश गर्ने निवेदनमा उपभोक्ता समितिको निर्णय, समिति दर्ता प्रमाणपत्रको प्रतिलिपी, लेखा परीक्षण प्रतिवेदन, सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न गर्नुपर्नेछ।

**१०. दर्ता तथा नवीकरण शुल्कः** (१) यस कार्यविधि बमोजिम दर्ता वा नवीकरण गरिने खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले देहाय बमोजिमको राजश्व बुझाएपछि मात्र दर्ता तथा नवीकरण सम्बन्धी कारवाही अघि बढाइनेछ :

क. नयाँ दर्ता शुल्कः रू. १,५००।- (एक हजार पाँच सय रुपैयाँ मात्र)

ख. नवीकरण शुल्कः

१. असोज मसान्तसम्म नवीकरण गरेमा रू. १,०००।- (एक हजार रुपैयाँ मात्र)

२. असोज महिना पछि सोही आर्थिक वर्षमा नवीकरण गरेमा रू. १,२००।- (एक हजार दुई सय रुपैयाँ मात्र)

३. नवीकरण गराउनुपर्ने अवधि व्यतित भएको २ वर्षभित्र नवीकरण गरेमा रू. २,०००।- (दुई हजार रुपैयाँ मात्र)

४. नवीकरण गराउनुपर्ने अवधि व्यतित भएको २ वर्षभित्र नवीकरण नगरेमा त्यस्तो संस्था को नवीकरण गरिने छैन ।

## परिच्छेद ३

## मुहानको संरक्षण तथा पानीको प्रयोग सम्बन्धी व्यवस्था

**११. मुहान संरक्षणः** (१) नेपाल सरकार, प्रदेश सरकार वा जीतपुरसिमरा उपमहानगरपालिकाको स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो उपयोग सुनिश्चित गराउन मुहानको संरक्षण गर्ने दायित्व खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको हुनेछ ।
(२) मुहान संरक्षणको कार्य उपभोक्ताको प्रयासबाट मात्र सम्भव नभई कुनै किसिमको प्राविधिक सहयोगको आवश्यकता परेमा प्राविधिक खटाउने दायित्व नगरपालिकाको हुनेछ ।

**१२. मर्मत सम्भार कोषको व्यवस्थाः** (१) जीतपुरसिमरा उपमहानगरपालिका क्षेत्रभित्र विभिन्न स्रोतबाट निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरुको दिगो व्यवस्थापन एंव उपयोगका लागि आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुबाट सेवा शुल्क वा महशुल बापत उठाइएको रकमको २० प्रतिशत रकम खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले मर्मत सम्भार कोषमा अनिवार्य रुपमा जम्मा गर्नुपर्नेछ ।
(२) मर्मत सम्भार कोषको परिचालनका विषयमा खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले विधानमा स्पष्ट उल्लेख गर्नुपर्नेछ।
(३) कुनै प्राकृतिक प्रकोप वा विपदजन्य कारणबाट खानेपानीको मुहानमा ठुलो क्षति पुगेमा वा खानेपानी ट्याङ्की वा निर्मित संरचना पूर्ण रुपमा भत्किएका कारण मर्मत सम्भार कोषको रकमबाट पुनर्निर्माणको कार्य सम्भव नहुने देखिएमा प्राविधिक प्रतिवेदनका आधारमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले त्यस्तो उपभोक्ता समितिको खानेपानी मर्मत सम्भारका लागि आवश्यक रकम विनियोजन गर्न नगर कार्यपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।
(४) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको मर्मत सम्भार कोषमा नगरपालिकाले खानेपानी आयोजनाले समेट्ने क्षेत्र, लाभान्वित घरधुरी संख्या र अन्य आवश्यक कुराहरुको विश्लेषण गरी कार्यपालिकाको निर्णय बमोजिमको निश्चित रकम एकपटकका लागि बिउ पुँजीका रुपमा प्रदान गर्न सक्नेछ ।
(५) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले आफ्नो खानेपानी मुहान वा आयोजनाको पानी सुरक्षा योजना तथा मर्मत सम्भार कार्ययोजना बनाउन सक्नेछ ।

**१३. खानेपानी महसुल तथा सेवा शुल्क निर्धारणः**

**(१)** यस कार्यविधि बमोजिम दर्ता वा अभिलेखीकरण भएका दुई हजारसम्म उपभोक्ता रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले उपभोक्ताबाट लिने खानेपानी महसुलको दर निर्धारण वा पुनरावलोकन गर्नुपरेमा प्रस्तावित महसुल दर तथा सोको औचित्य पुष्टि गर्ने आवश्यक आधार र विवरण तयार गरी साधारण सभाबाट अनुमोदन गराई नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिसमक्ष पेश गर्नुपर्नेछ। यसरी प्राप्त

जीतपुरसिमरा उपमहानगरपालिका

प्रस्तावको अध्ययन तथा विश्लेषण गरी नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिले प्रचलित कानूनको अधीनमा रही न्यूनतम महसुल, खपतको सीमा तथा प्रति एकाइ खानेपानी महसुलको दर निर्धारण वा स्वीकृत गर्न सक्नेछ।

(२) दुई हजारभन्दा बढी उपभोक्ता रहेका खानेपानी सेवा प्रदायक संस्था वा उपभोक्ता समितिले खानेपानी महसुल निर्धारण वा पुनरावलोकनका लागि प्रस्तावित महसुल दर तथा सोको आधार र विवरण तयार गरी साधारण सभाबाट अनुमोदन गराई, प्रचलित संघीय कानून बमोजिम खानेपानी महसुल निर्धारण गर्ने अधिकारप्राप्त निकायसमक्ष पेश गर्नुपर्नेछ र सो निकायबाट निर्धारण वा स्वीकृत भएको महसुल दर लागू गर्नुपर्नेछ।

**(३)** उपदफा (२) बमोजिमको उपभोक्ता सङ्ख्याभन्दा कम उपभोक्ता भएको र यस कार्यविधि बमोजिम नगरपालिकामा दर्ता वा अभिलेखीकरण भएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले देहायका आधारमा महसुल तथा सेवा शुल्कको दर प्रस्ताव गर्नुपर्नेछः‘

(क) खानेपानी उत्पादन, प्रशोधन तथा वितरण लागत,

(ख) विद्युत तथा ऊर्जा खर्च,

(ग) कर्मचारी तथा प्रशासनिक खर्च,

(घ) नियमित सञ्चालन तथा मर्मत सम्भार खर्च,

(ङ) पानीको खपत तथा उपभोक्ता सङ्ख्या,

(च) आयोजनाको प्रकृति तथा सेवा क्षेत्र,

(छ) मर्मत सम्भार तथा पुनःस्थापना कोषका लागि आवश्यक रकम, र

(ज) सेवाको दिगोपना तथा उपभोक्ताको हित।

**(४)** उपदफा (३) बमोजिम तयार गरिएको महसुल तथा सेवा शुल्कको प्रस्ताव सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाबाट अनुमोदन गराई सम्बन्धित वडा समितिको सिफारिससहित नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिसमक्ष पेश गर्नुपर्नेछ।

**(५)** उपदफा (४) बमोजिम प्राप्त प्रस्तावको औचित्य, लागत, सेवाको स्तर, उपभोक्ताको हित तथा समान प्रकृतिका खानेपानी आयोजनाको महसुल दरसमेत अध्ययन गरी नगरस्तरीय खानेपानी तथा जलस्रोत व्यवस्थापन समितिले प्रचलित कानूनको अधीनमा रही महसुल तथा सेवा शुल्कको दर स्वीकृत गर्न सक्नेछ।

(६) उपभोक्ता संस्थाले यस दफा बमोजिम निर्धारण वा स्वीकृत भएको दरभन्दा बढी महसुल वा सेवा शुल्क असुल गर्न पाउने छैन।

(७) खानेपानी महसुल निर्धारण गर्दा सम्भव भएसम्म मिटरमा आधारित उपभोग प्रणाली अवलम्बन गरी न्यूनतम मासिक महसुल, न्यूनतम खपत सीमा र सो सीमाभन्दा बढी खपतको प्रति एकाइ महसुल निर्धारण गर्न सकिनेछ।

**(८)** नयाँ धारा जडान, पुनः जडान, नामसारी, मिटर जडान वा परिवर्तन, सेवा विस्तार तथा अन्य सेवाबापत लिइने शुल्क प्रचलित कानून र स्वीकृत मापदण्डको अधीनमा रही निर्धारण गरिनेछ।

**(९)** निर्धारित वा स्वीकृत महसुल तथा सेवा शुल्कको दर सम्बन्धित उपभोक्ता संस्थाले सार्वजनिक रूपमा प्रकाशन गरी उपभोक्तालाई जानकारी गराउनुपर्नेछ।

**(१०)** प्रचलित संघीय कानून बमोजिम खानेपानी महसुल निर्धारणसम्बन्धी अधिकारप्राप्त निकायको अधिकारक्षेत्रभित्र पर्ने सेवा प्रदायक संस्थाको हकमा यस दफामा लेखिएको कुनै कुराले त्यस्तो निकायको महसुल निर्धारण वा स्वीकृत गर्ने अधिकारमा प्रतिकूल असर पारेको मानिने छैन।

**१४. सेवा शुल्क बुझाउनुपर्नेः** (१) खानेपानी तथा जलश्रोत उपभोक्ता समितिबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताले सेवा उपयोग गरे बापतको निर्धारित सेवा शुल्क बुझाउनुपर्नेछ ।
(२) निर्धारित सेवा शुल्क तोकिएको अवधिभित्र नबुझाउने उपभोक्ताको सेवा रद्द गर्न सक्ने अधिकार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई हुनेछ ।

**१५. खानेपानी वितरण सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम दर्ता हुने खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले कसै प्रति पूर्वाग्रह नराखी सबैलाई समान पहुँच र वितरण सुनिश्चित गर्नुपर्नेछ ।
(२) उपभोक्ता समितिले खानेपानीको वितरण गर्दा देहायका प्राथमिकता क्रमका क्षेत्रमा प्रयोग गर्न पाउने गरी समान वितरण गर्ने प्रबन्ध गर्नुपर्नेछ :

क. खानेपानी तथा घरेलु उपयोग

ख. पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उपयोग

ग. सिंचाई

घ. जलविद्युत

ङ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग

च. अन्य

## परिच्छेद—४

## सिंचाइ तथा व्यक्तिगत खानेपानी पम्प सम्बन्धी व्यवस्था

**१६. सिंचाइ तथा व्यक्तिगत खानेपानी पम्पको अनुमति सम्बन्धी व्यवस्था :**

**(१)** उपमहानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति, घरपरिवार, कृषक, कृषक समूह, संस्था वा उपभोक्ताले आफ्नो निजी प्रयोजनका लागि भूमिगत वा सतही जलस्रोतबाट सिंचाइ वा व्यक्तिगत तथा घरायसी खानेपानी प्रयोजनका लागि पम्प, बोरिङ, ट्युबवेल, डिप बोरिङ, स्यालो ट्युबवेल वा अन्य यान्त्रिक उपकरण जडान तथा सञ्चालन गर्न चाहेमा प्रचलित कानून र यस कार्यविधि बमोजिम सम्बन्धित वडाबाट आवश्यक स्वीकृति वा अनुमति लिनुपर्नेछ।र सो को जानकारी वडा कार्यालयले अनुसूची ४ बमोजिमको ढाचामा नगरपालिकामा पेश गर्नु पर्नेछ

**(२)** उपदफा (१) बमोजिमको पम्प जडान तथा सञ्चालन गर्दा सार्वजनिक खानेपानीको मुहान, भूमिगत जलस्रोत, नदी, खोला, कुवा, इनार तथा अन्य व्यक्तिको पानी उपयोगसम्बन्धी हकमा प्रतिकूल असर पर्ने गरी पानीको अत्यधिक दोहन गर्न पाइने छैन।

**(३)** व्यक्तिगत खानेपानी प्रयोजनका लागि जडान गरिएको पम्पबाट प्राप्त पानी पिउने प्रयोजनमा प्रयोग गर्दा पानीको गुणस्तर तथा जनस्वास्थ्यसम्बन्धी प्रचलित मापदण्ड पालना गर्नुपर्नेछ।

**(४)** सिंचाइ प्रयोजनका लागि जडान गरिएको पम्पबाट पानी उपयोग गर्दा उपलब्ध जलस्रोतको दिगो उपयोग, भूमिगत जलसतहको संरक्षण तथा वातावरणीय सन्तुलन कायम हुने गरी पानीको उपयोग गर्नुपर्नेछ।

**(५)** सार्वजनिक वा सामुदायिक खानेपानीको स्रोत, मुहान वा वितरण प्रणालीमा प्रतिकूल असर पर्ने देखिएमा नगरपालिकाले त्यस्तो पम्पको जडान वा सञ्चालनमा आवश्यक शर्त तोक्न, नियमन गर्न, पानीको परिमाण सीमित गर्न वा प्रचलित कानून बमोजिम सञ्चालन रोक्न सक्नेछ।

(६( व्यावसायिक, औद्योगिक वा ठूलो परिमाणमा सिंचाइका लागि भूमिगत जलस्रोत उपयोग गर्ने पम्प, ट्युबवेल, डिप बोरिङ वा अन्य यान्त्रिक माध्यमको हकमा प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति, इजाजत वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो अनुमति, इजाजत वा स्वीकृति प्राप्त गरेपछि मात्र सञ्चालन गर्न पाइनेछ। सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाले प्राप्त गरेको अनुमति,

इजाजत वा स्वीकृतिको प्रमाणपत्र, जलस्रोतको स्थान, प्रयोजन, अनुमानित पानी उपयोगको परिमाण तथा अन्य आवश्यक विवरणसहित उपमहानगरपालिकामा अनिवार्य रूपमा अभिलेखीकरण गराउनुपर्नेछ।

**(७)** यस दफा बमोजिम सञ्चालन हुने सिंचाइ तथा व्यक्तिगत खानेपानी पम्पको अभिलेख सम्बन्धित वडा कार्यालयले  नगरपालिकामा अनुसूची ४ बमोजिमको ढाचामा नियमित रुपमा पठाउनु पर्नेछ।

**(८)** पम्प सञ्चालनका कारण छिमेकीको खानेपानीको स्रोत सुक्ने, जलस्रोतमा प्रतिकूल असर पर्ने, पानी प्रदूषित हुने वा अन्य कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले आवश्यक प्राविधिक अध्ययन तथा स्थलगत निरीक्षण गरी प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्न सक्नेछ।

## परिच्छेद ५

### व्यावसायिक खानेपानी उत्पादन, प्रशोधन, ढुवानी, तथा बिक्री सम्बन्धी व्यवस्था

**१७अनुमति तथा सूचीकृत हुनुपर्ने .:** (१उपमहानगरपालिका क्षेत्रभित्र बोतल (, जार, ट्याङ्की, ट्याङ्कर वा अन्य कुनै माध्यमबाट खानेपानी उत्पादन, प्रशोधन, भण्डारण, ढुवानी, वितरण वा बिक्री गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट आवश्यक अनुमति, इजाजत वा स्वीकृति प्राप्त गरी उपमहानगरपालिकामा व्यवसाय दर्ता वा सूचीकृत भएर मात्र त्यस्तो कार्य गर्नुपर्नेछ।

**१८खानेपानीको गुणस्तर तथा स्वच्छता .:** (१बिक्री वा वितरण गरिने खानेपानी स्वच्छ (, सुरक्षित, प्रदूषणमुक्त तथा प्रचलित खानेपानी गुणस्तर मापदण्ड अनुरूप हुनुपर्नेछ।

(२खानेपानीको उत्पादन (, प्रशोधन, भण्डारण तथा वितरणमा प्रयोग हुने बोतल, जार, ट्याङ्की, ट्याङ्कर, पाइप, पम्प तथा अन्य उपकरण नियमित रूपमा सफा तथा निःसंक्रमण गरी स्वास्थ्यकर अवस्थामा राख्नुपर्नेछ।

(३खानेपानी ढुवानी वा वितरणका लागि प्रयोग गरिने ट्याङ्की वा ट्याङ्कर मानव स्वास्थ्यमा प्रतिकूल असर  ( पर्ने अन्य पदार्थ ढुवानी वा भण्डारणका लागि प्रयोग गर्न पाइने छैन।

**१९स्रोत तथा विवरण अभिलेखीकरण .:** (१खानेपानी उत्पादन (, वितरण वा बिक्री गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले पानीको स्रोत, संकलन स्थल, प्रशोधन विधि, भण्डारण स्थल, वितरण क्षेत्र तथा ढुवानी साधनको विवरण उपमहानगरपालिकामा उपलब्ध गराउनुपर्नेछ।

(२ट्याङ्की वा ट्याङ्करबाट खानेपानी बिक्री वा वितरण गर्नेले पानी लिएको स्रोत (, मिति, परिमाण र वितरण क्षेत्रको आवश्यक अभिलेख राख्नुपर्नेछ।

**२०निरीक्षण ., अनुगमन तथा नमुना परीक्षणः** (१उपमहानगरपालिका वा अधिकारप्राप्त नि (कायले जुनसुकै समयमा खानेपानीको स्रोत, उत्पादन तथा प्रशोधन स्थल, भण्डारण स्थल, बोतल, जार, ट्याङ्की, ट्याङ्कर तथा वितरण प्रणालीको निरीक्षण तथा अनुगमन गर्न सक्नेछ।

(२ उपमहानगरपालिकाले आवश्यकतानुसार बिक्री वा वितरण भइरहेको खानेपानीको नमुना संकलन गरी ( अधिकारप्राप्त प्रयोगशालाबाट गुणस्तर परीक्षण गर्न वा गराउन सक्नेछ।

(३अनुगमन तथा परीक्षण कार्यमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्ति (, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ।

**२१मापदण्ड विपरीत खानेपानीको बिक्री तथा वितरणमा रोक .**: (१परीक्षण वा अनुगमनबाट खा (नेपानी दूषित, असुरक्षित वा प्रचलित गुणस्तर मापदण्ड विपरीत रहेको पाइएमा उपमहानगरपालिकाले त्यस्तो खानेपानीको उत्पादन, बिक्री वा वितरण तत्काल रोक्न सक्नेछ।

(२जनस्वास्थ्यमा गम्भीर असर पर्ने अवस्था देखिएमा त्यस्तो पानी जफत वा नष्ट गर्न (, व्यवसाय सञ्चालनमा रोक लगाउन वा सम्बन्धित अधिकारप्राप्त निकायमा कारबाहीका लागि लेखी पठाउन सकिनेछ।

**२२विवरण खुलाउनुपर्ने .**: (१बोतल वा जारमा बिक्री गरिने खानेपानीमा प्रचलित कानून बमोजिम ( उत्पादकको नाम तथा ठेगाना, पानीको स्रोत, उत्पादन मिति, उपभोग्य अवधि र अन्य आवश्यक विवरण स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

(२ट्याङ्की वा ट्याङ्करबाट खानेपानी वितरण वा बिक्री गर्दा वितरकको नाम (, सम्पर्क नम्बर र पानीको स्रोतसम्बन्धी विवरण स्पष्ट रूपमा उपलब्ध गराउनुपर्नेछ।

**२३विशेष अवस्थामा खानेपानी वितरणको व्यवस्थापन .**: खानेपानीको अभाव, खडेरी, विपद्, महामारी वा अन्य विशेष अवस्थामा उपमहानगरपालिकाले बोतल, जार, ट्याङ्की वा ट्याङ्करबाट हुने खानेपानी वितरणलाई व्यवस्थित, सुरक्षित र सहज बनाउन आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ।

**२४. कारबाही सम्बन्धी व्यवस्थाः** यस परिच्छेद विपरीत दूषित, असुरक्षित वा मानव उपभोगका लागि अयोग्य खानेपानी उत्पादन, प्रशोधन, ढुवानी, वितरण वा बिक्री गरेको वा उपमहानगरपालिकाले दिएको निर्देशन पालना नगरेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

## परिच्छेद ६
## विविध

**२५. साधारण सभाः** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले हरेक वर्ष पौष मसान्तभित्र साधारण सभा गर्नुपर्नेछ ।

(२) साधारण सभामा पेश गर्नुपर्ने प्रस्तावमा उपस्थित सदस्य संख्याको दुई तिहाइ बहुमतले स्वीकृत गरेमा प्रस्ताव पारित भएको मानिनेछ ।

**२६. विधान संशोधनः** (१) उपभोक्ता समितिले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा साधारण सभाको बहुमतबाट विधान संशोधनको निर्णय गराई तिन महले फाराम भरी विधानको संशोधित मस्यौदा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ र खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले तत्सम्बन्धी आवश्यक जाँचबुझ गरी विधान संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

**२७. सहयोग पुर्याउनु पर्नेः** (१) आफ्नो कार्य सम्पादनको सिलसिलामा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँग जलस्रोत तथा खानेपानी संचालन सँग सम्बन्धित आवश्यक तथ्याङ्क तथा विवरणहरू माग गर्न सक्नेछ । नगरस्तरीय समितिले माग गरेका सम्पूर्ण विवरण उपलब्ध गराउनु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**२८. समिति संगठित संस्था मानिनेः** (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित एंव संगठित संस्था हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

**२९. उपभोक्ता समितिको/संस्थाको सम्पत्तिः** (१) संस्थाको चल अचल सम्पत्तिको रेखदेख सम्बन्धित उपभोक्ता समितिले गर्नुपर्नेछ । समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का गरेका कारण कानुनी उपचारको लागी सहजीकरण गरिदिन उपभोक्ता समितिले अनुरोध गरेमा खानेपानी व्यवस्थापन समितिले आवश्यक सहजीकरण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले प्रचलित कानून बमोजिम कानुनी उपचार खोज्न सक्नेछ।

**३०. हिसाब विवरण र लेखापरीक्षणः** (१) यस कार्यविधि बमोजिम दर्ता भएको खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले आफ्नो कारोबार रकमको विवरण प्रचलित लेखाका सिद्धान्त र कार्यविधि बमोजिम राख्नुपर्नेछ ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक वर्ष आफ्नो कारोबारको लेखापरीक्षण दर्तावाल

लेखापरीक्षकबाट गराउनुपर्नेछ । संस्थाले आफ्नो लेखापरीक्षण प्रतिवेदन नगरपालिकामा पठाउनुपर्नेछ ।
(३) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफुले तोकेको कुनै अधिकृत कर्मचारीद्वारा जाँच गराउन सक्नेछ ।
(४) उपदफा (१) बमोजिम हिसाब जाँच गर्दा अनियमितता तथा कैफियत देखिन आएमा सो बारेमा प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित उपभोक्ता समितिलाई स्पष्टीकरण सोधी सोको क्षतिपूर्ति समेत बुझाउन लगाउनेछ ।
(५) हिसाब जाँच गर्ने व्यक्तिले मागेको विवरण तथा कागजातहरू वा सोधेको प्रश्नको जवाफ दिनु समितिका पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

**३१. समितिको कार्यकालः** (१) यस कार्यविधि बमोजिमको उपभोक्ता समितिको कार्यकाल निर्वाचन भएको मितिले दुई बर्षको हुनेछ । समितिले आफ्नो कार्यकाल सकिएको मितिले ३ महिना भित्र नयाँ कार्यसमितिका लागि निर्वाचन गराइसक्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम समितिले निर्धारित समयमा निर्वाचन सम्पन्न गराउन नसकेमा वा नगराएमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले उक्त उपभोक्ता समितिलाई निर्वाचन गराउन निर्देशन दिन सक्नेछ ।
(३) उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना भएको नपाइएमा व्यवस्थापन समितिले त्यस्तो उपभोक्ता समितिको सम्बन्धित बैंकलाई प्रचलित कानून बमोजिम बैंक खाता सञ्चालन रोक्न लेखी पठाउन सक्नेछ। ।

**३२. विघटन गर्न सकिनेः** (१) कुनै उपभोक्ता समितिले देहाय बमोजिमको कुनै काम गरेको पाइएमा खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले त्यस्तो समिति विघटन गर्न सक्नेछ :
क. तोकिएको समयमा निर्वाचन नगराएको कारण खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिले निर्वाचन गराउन दिएको निर्देशन पालना नगरेमा
ख. लगातार दुई वर्षसम्म साधारणसभाको बैठक नबोलाएमा
ग. लगातार दुई वर्षसम्म लेखापरीक्षण नगराएमा
घ. समितिको सम्पत्ति हिनामिना वा अनियमितता गरेको पाइएमा
ङ. प्रचलित कानून विपरितको कार्य गरेमा

**३३. साविकमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अभिलेखीकरण गर्नेः** (१) साविकमा जलश्रोत ऐन, २०४९ तथा जलश्रोत नियमावली, २०५० बमोजिम जिल्ला विकास समितिमा रहेको जिल्ला जलश्रोत समितिमा दर्ता भइ संचालनमा रहेका उपभोक्ता समितिले यो कार्यविधि जारी भएको तीन महिनाभित्र नगरपालिकामा उपभोक्ता समिति अभिलेखीकृत गर्न सकिनेछ ।
(२) साविकमा जलश्रोत ऐन, २०४९ तथा जलश्रोत नियमावली, २०५० बमोजिम दर्ता भई यो कार्यविधि

लागू हुनुभन्दा अगावै म्याद समाप्त भएका उपभोक्ता समितिको हकमा यो कार्यविधि लागू भएको मिति देखि तीन महिना भित्र नियमानुसार नयाँ कार्यसमिति चयन गरी नगरपालिकामा निवेदन दिएमा एक पटकका लागि दर्ता गर्न पाउने अवसर प्रदान गर्न सकिनेछ ।

**३४. नगरस्तरीय सञ्जाल गठन गर्न सकिनेः**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूमध्येबाट प्रतिनिधित्व हुने गरी छुट्टै "नगरस्तरीय खानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जाल" र सिँचाइ उपभोक्ता समितिहरूमध्येबाट प्रतिनिधित्व हुने गरी छुट्टै "नगरस्तरीय सिँचाइ उपभोक्ता सञ्जाल" गठन गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम गठित प्रत्येक सञ्जालले आफ्नो विषयगत क्षेत्रअन्तर्गतका उपभोक्ता समितिहरूबीच समन्वय, सहकार्य, क्षमता विकास, अनुभव आदानप्रदान तथा कार्यगत सहजीकरण गर्न सक्नेछ।

(३) सञ्जालले आफ्नो विषयगत क्षेत्रअन्तर्गतका उपभोक्ता समितिहरूको व्यवस्थित सञ्चालन, संस्थागत सुदृढीकरण तथा प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक नीतिगत सुझाव तथा कार्यगत सहजीकरण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम गठित सञ्जालको गठन, संरचना, प्रतिनिधित्व, सञ्चालन, काम, कर्तव्य र अधिकार तथा अन्य व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ।

**३५. निर्देशन दिनेः** (१) नगरपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**३६. दण्ड सजायः** (१) दफा ८ बमोजिम दर्ता नगर्राइ समिति स्थापना गरेमा वा दर्ता नगरी समिति संचालन गरेको पाइएमा त्यस्ता समितिका सदस्यहरूलाई नगरपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

**३७. खारेजी र बचाउः** (१) यो कार्यविधि जारी हुनुभन्दा अघि गरिएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समिति दर्ताको कार्य यसै कार्यविधि बमोजिम भएको हुनेछ ।

**३८. नियम बनाउने अधिकारः** (१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ ।

**३९. बाधा अड्काउ फुकाउने अधिकारः** (१) यो कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**४०. थपघट, हेरफेर वा संशोधनः** (१) नगर कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

(२) नगर कार्यपालिकाले उपनियम (१) बमोजिम कार्यविधिमा थपघट हेरफेर वा संशोधन गरेको विषयको सुचना सर्वसाधारणको जानकारीको लागी प्रकाशन गर्नुपर्नेछ ।

जीतपुरसिमराउपमहानगरपालिका

# अनुसुची - १

## निवेदन पत्रको ढाँचा

## (दफा ८ को उपदफा (३) सँग सम्बन्धित)

**श्री नगर प्रमुख ज्यू,**
**जीतपुरसिमरा उपमहानगरपालिका,**
**जीतपुर, बारा ।**

महोदय,

हामीले ........................................................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ को दफा (६) को उपदफा (३) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको तिन प्रति विधान र एक हजार पाँच सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरूः

(क)

(ख)

(ग)

४. सदस्यहरूको नाम, ठेगाना, पेशा र ना.प्र.प.नं.

(क) (ख)

(ग) (घ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउँः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्‍याउने क्षेत्रः

७. आर्थिक स्रोतको विवरणः.

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेकोः

सहीः ....................................

नामः ....................................

पदः ....................................

ठेगानाः ....................................

जीतपुरसिमरा उपमहानगरपालिका

# अनुसुची - २

## खानेपानी तथा जलश्रोत उपभोक्ता समितिले विधानमा खुलाउनुपर्ने कुराहरू

## (दफा ८ को उपदफा (३) (ख) सँग सम्बन्धित)

(क) पूरा नाम र ठेगाना

(ख) उद्देश्य तथा कार्यक्षेत्र

(ग) सदस्यको लागि योग्यता र सदस्यता शुल्क

(घ) सदस्यको निष्काशन राजिनामा

(ङ) हक दाबी नामसारी वा हकवालाको मनोनयन

(च) साधारण सभा सम्बन्धी

(छ) सञ्चालक समितिको गठन (निर्वाचन एवं काम कर्तव्य तथा अधिकार सम्बन्धी)

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था

(झ) सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि

(ञ) कोष र लेखापरीक्षण

(ट) महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी

(ठ) दण्ड जरिवाना सम्बन्धी

(ड) विधान संशोधन

(ढ) विघटन

(ण) विविध

जीतपुरसिमराउपमहानगरपालिका

अनुसूची - ३

खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता प्रमाणपत्र

(दफा ८ को उपदफा (८) सँग सम्बन्धित)

**स्थानीय सरकार**

**जीतपुरसिमरा उपमहानगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

**(वातावरण तथा विपद् व्यवस्थापन शाखा)**

**जीतपुर, बारा**

**मधेश प्रदेश, नेपाल**

**प्रमाण-पत्र**

दर्ता नम्बरः

दर्ता मितिः

श्री (सम्बन्धित उपभोक्ता समितिको नाम)

......................................................................... ।

जीतपुरसिमरा उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय, जीतपुर, बाराको "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" को दफा ४ बमोजिम खानेपानी तथा जलश्रोत व्यवस्थापन समितिको मिति ............................ गतेको निर्णय अनुसार निम्न विवरणमा उल्लेख भए बमोजिम उपभोक्ता समिति/संस्था यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ। जलश्रोत ऐन, २०४९, जलश्रोत नियमावली, २०५०, स्थानीय सरकार संचालन ऐन, २०७४, जीतपुरसिमरा उपमहानगरपालिकाको "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३" र समितिको विधान बमोजिम आफ्नो कार्यहरु सञ्चालन गर्नुहोला।

मुहानको नामः

मुहानको चारकिल्लाको विवरणः

पूर्वः

पश्चिमः

उत्तरः

दक्षिणः

प्रमाणित गर्नेकोः

सहीः ....................................

नाम, थरः ....................................

पदः ....................................

## अनुसूची–४

### (दफा ८ को खण्ड (११) सँग सम्बन्धित)

वडा कार्यालयमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सिँचाइ उपभोक्ता समितिको अभिलेख

| सि.नं. | उपभोक्ता समितिको नाम | समितिको प्रकार (खानेपानी/ सिँचाइ) | वडा नं. | दर्ता नं. | दर्ता मिति | सेवा क्षेत्र/ टोल | उपभोक्ता संख्या | अध्यक्षको नाम तथा सम्पर्क नं. | सचिवको नाम तथा सम्पर्क नं. | आयोजनाको स्रोत (नेपाल सरकार/प्रदेश/उपमहानगरपालिका/अन्य) | सञ्चालन अवस्था | नवीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |

जीतपुरसिमरा उपमहानगरपालिका

## अनुसूची–५

### (दफा ६ को खण्ड (ठ) सँग सम्बन्धित)

**वडा कार्यालयमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा सिँचाइ उपभोक्ता समितिको अभिलेख**

| सि. नं. | उपभोक्ता समिति को नाम | समितिको प्रकार (खानेपानी /सिँचाइ) | वडा नं. | दर्ता नं. | दर्ता मिति | सेवा क्षेत्र/ टोल | उपभोक्ता संख्या | अध्यक्षको नाम तथा सम्पर्क नं. | सचिव को नाम तथा सम्पर्क नं. | आयोजनाको स्रोत (नेपाल सरकार/प्रदेश/उपमहानगरपालिका/अन्य) | सञ्चालन अवस्था | नवीकरण मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |

आज्ञाले
डमरु प्रसाद निरौला
प्रमुख प्रशासकीय अधिकृत

जीतपुरसिमरा उपमहानगरपालिका